


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४६ | अङ्क १ | असोज २०७८ | सेप्टेम्बर-अक्टोबर २०२१


# एकीकृत निर्देशन, २०७७ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७७' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले भदौ ८ गते एक परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । संशोधित व्यवस्थामार्फत वाणिज्य बैंकले पुँजी पर्याप्तता ढाँचा, २०१५ बमोजिम काउन्टर साइक्लिकल बफर कायम गर्नुपर्ने व्यवस्थालाई आ.व. २०७८/७९ सम्मको निम्ति स्थगन गरिएको छ ।

साँवा र ब्याज नियमित रूपमा भुक्तानी भए तापनि लगातार तीन वर्षदेखि खुद नोक्सानीमा रहेका वा नेटवर्थ ऋणात्मक भएका फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जालाई सूक्ष्म निगरानीमा राखिने व्यवस्था गरिएको छ । तथापि, निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएका कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन सुरु गरेपश्चात् तीन पूर्ण आर्थिक वर्षको वित्तीय विवरणको आधारमा मात्र यो व्यवस्था लागू हुनेछ ।

कोभिड-१९ बाट अति प्रभावित सार्वजनिक यातायात व्यवसायीलाई सवारी साधन सञ्चालन तथा मर्मत सम्भारको लागि बैंक तथा वित्तीय संस्थाले प्रति सवारी साधन रु.दुई लाखसम्म थप कर्जा प्रदान गर्न सक्ने व्यवस्था मिलाइएको छ । यस्तो थप कर्जाका लागि Debt to Equity Ratio र एकल ग्राहक कर्जा सीमा कायम गर्न २०७९ असार मसान्तसम्म अनिवार्य हुने छैन ।

रु.दुई अर्ब वा सोभन्दा बढी रकमको बहु-बैंकिङ कर्जा उपभोग गर्ने/गरिरहेका ऋणीको कर्जा सहवित्तीयकरण कर्जामा परिणत गर्नुपर्ने व्यवस्था मिलाइएको छ । इजाजतपत्रप्राप्त संस्थाले रु.एक करोडसम्मको कृषि, हस्तकला तथा सीपमूलक व्यावसाय एवम् उद्यम व्यवसाय (आयातसम्बन्धी व्यवसायबाहेक) सञ्चालनका लागि कर्जा प्रवाह गर्दा आधार दरमा दुई प्रतिशतसम्म मात्र थप गरी ऋणको ब्याज तोक्नुपर्ने व्यवस्था कायम गरिएको छ । रु.२० लाखसम्मका यस्ता कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रूपमा स्वीकार गर्न सक्नेछन् । प्रत्येक शाखाले यसप्रकारको कर्जासम्बन्धी निवेदन प्राप्त भएको सात कार्य दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा सोको स्पष्ट कारणसमेत उल्लेख गरी सम्बन्धित ग्राहकलाई लिखित रूपमा दिनुपर्नेछ ।

महामारीजन्य रोगको उपचारको लागि नेपाल सरकारबाट मान्यताप्राप्त खोप उत्पादन गर्ने उद्योग स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा बैंक तथा वित्तीय संस्थाले व्यावसायिक योजनाको मूल्याङ्कन गरी आधार दरमा कर्जा उपलब्ध गराउनु पर्नेछ । अस्पताल नभएका स्थानीय तहमा १०० बेडसम्मको अस्पताल स्थापना गर्न बैंक तथा वित्तीय संस्थाले आधारदरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी रु.२० करोडसम्म कर्जा प्रवाह गर्न सक्नेछन् ।

कोभिड-१९ बाट अति प्रभावित क्षेत्रहरू मध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसाय तथा नगद प्रवाह अवरुद्ध भएका लघु, घरेलु, साना तथा मझौला व्यवसायीलाई परेको कोभिड-१९ को असर मूल्याङ्कन गरी त्यस्ता ऋणीहरूले २०७८ पुस मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई एक वर्ष सम्म म्याद थप गरी कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनु पर्नेछ । संशोधित व्यवस्थामार्फत कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसाय तथा नगद प्रवाह अवरुद्ध भएका लघु, घरेलु, साना तथा मझौला व्यवसायीलाई परेको असर मूल्याङ्कन गरी त्यस्ता ऋणीले २०७८ पुस मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई एक वर्षसम्म म्याद थप गरी कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउनु राष्ट्र बैंकले निर्देशन दिएको छ । यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनुपर्नेछ ।

कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमध्ये होटल, ट्राभल, ट्रेकिङ र हवाई सेवाजस्ता बाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायीलाई परेको असर मूल्याङ्कन गरी २०७९ असार मसान्तसम्म पाक्ने ब्याजलाई छुट्टै हिसाब राखी दुई वर्षसम्ममा कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाइएको छ। यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने र थप हर्जाना तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनुपर्नेछ । कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञालाई मध्यनजर गरी ऋणीले २०७८ असारसम्म भुक्तानी गर्नुपर्ने इएमआई/इक्यूआई वा अन्य साँवा/ब्याज निषेधाज्ञाको कारणले भुक्तानी गर्न नसकेको अवस्थामा ऋणीको वित्तीय स्थिति मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिएका कर्जामध्ये कोभिड-१९ बाट प्रभावित लघु, घरेलु, साना तथा मझौला व्यवसायीको कर्जाको हकमा ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको मूल्याङ्कन गरी ऋणीको लिखित व्यवसाय प्रस्तावको आधारमा

परियोजनाको प्रकृति, उद्देश्य, व्यवसाय ढाँचा वा व्यवसाय अवधारणा परिवर्तन गरी फरक ढङ्गले व्यवसाय सञ्चालन गर्न चाहेमा भविष्यमा उद्योग व्यवसाय सञ्चालनमा आई ऋण चुक्ता हुन सक्नेमा बैंक तथा वित्तीय संस्था आश्वस्त भएमा सम्बन्धित ऋणीको अनुरोधमा एक पटकको लागि २०७८ चैतभित्र व्यवसाय परिवर्तन गर्न सकिने व्यवस्था कायम गरिएको छ । यस किसिमको परिवर्तनलाई कर्जाको दुरुपयोग, पुनर्संरचना वा पुनरतालिकीकरण मानिने छैन । साथै परिवर्तनको क्रममा ब्याज पुँजीकरण गर्न पाइने छैन ।

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गरेका ऋणीमध्ये कोभिड-१९ को कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीलाई बैंक तथा वित्तीय संस्था स्वयम्ले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सक्ने व्यवस्था मिलाइएको छ । यस किसिमको परिवर्तनलाई कर्जाको पुनर्संरचना वा पुनरतालिकीकरण मानिने छैन ।

पछिल्लो संशोधनमार्फत मार्जिन प्रकृतिको सेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा तोकिएको छ । जसअनुसार एक जना ग्राहकले एउटा इजाजतपत्र प्राप्त संस्थाबाट अधिकतम रु.चार करोड र सबै इजाजतपत्रप्राप्त संस्थाबाट अधिकतम रु.१२ करोडसम्म यस्तो कर्जा लिन सक्नेछन् । यस निर्देशन जारी हुनुपूर्व (मिति २०७८।०५।०८) कुनै ऋणीलाई सीमाभन्दा बढी कर्जा प्रवाह भएको भए त्यस्तो कर्जालाई क्रमिक रूपले घटाउँदै लगी कर्जाको भुक्तानी अवधि वा आगामी एक वर्षमध्ये जुन पहिले हुन्छ सो अवधिभित्र नियमित गरिसक्नुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थाको तरलतासम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले स्रोत परिचालनमा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात Credit to Core Capital and Domestic Deposits (CCD Ratio) लाई खारेज गरेर कर्जा-निक्षेप अनुपात (CreditDeposit Ratio - CD Ratio) कायम यसको अधिकतम सीमा ९० प्रतिशत तोकिएको छ । यस व्यवस्थाअनुसार कर्जा-निक्षेप अनुपात तोकिएभन्दा बढी भएमा बैंक तथा वित्तीय संस्थाले क्रमिक रूपमा घटाई २०७९ असार मसान्तभित्र तोकिएको अनुपात कायम गरिसक्नुपर्नेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थामा निक्षेप राखेमा न्यूनतम एक प्रतिशत बिन्दुले थप गरी ब्याजदर प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ । नयाँ व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने सम्पूर्ण आवधिक प्रकृतिका कर्जाको परिवर्तनीय ब्याजदरको साथै स्थिर ब्याजदरसमेत प्रकाशन गर्नुपर्नेछ । कोभिड-१९ का कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रु.१५ लाखसम्मको कर्जा, ऋणी स्वयम् रोजगार हुने उद्देश्यले सवारी साधन खरिद गर्न प्रवाह हुने रु.२५ लाखसम्मको कर्जा, महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु.२० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने व्यवस्था मिलाइएको छ । साथै महिला उद्यमीद्वारा लघुउद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु.२० लाखसम्मको कर्जा र वास्तविक कृषि व्यवसायीलाई रु.२० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जालाई समेत विपन्न वर्ग कर्जामा गणना गर्न सकिनेछ ।

२०८१ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु.१ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रूपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नुपर्ने व्यवस्था मिलाइएको छ । तोकिएका क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा छ महिनाअघिको जम्मा बक्यौता कर्जा तथा सापटको आधारमा २०७८ पुस मसान्तदेखि गणना सुरु गरी त्यसपछिको

---

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि. नीति परिपत्र कखग २ ०७८ ७९ मिति: २०७८/०५/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

**(देव कुमार ढकाल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।

प्रत्येक त्रयमासमा गणना गर्ने । तर, कोभिड-१९ को असरलाई दृष्टिगत गरी यस्तो गणना २०७९ पुस मसान्तदेखि सुरु गरिने छ ।

पछिल्लो संशोधनमार्फत ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधा दर पाँच प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दर दुई प्रतिशत र नीतिगत दरको रूपमा रहेको रिपो दरलाई ३.५ प्रतिशत कायम गरिएको छ। कृषि, लघु तथा घरेलु क्षेत्रमा कर्जा प्रवाहलाई थप प्रोत्साहित गर्न गाउँपालिका र नगरपालिकाको सरकारी कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकका शाखामा कृषि, लघु तथा घरेलु कर्जासम्बन्धी फोकल डेस्कको स्थापना गर्नुपर्नेछ ।

निषेधाज्ञा जारी भएका स्थानका सञ्चालनमा पूर्ण रोक लगाइएका उद्योग, पेसा, व्यवसायको सम्बन्धमा निषेधाज्ञा अवधिभर बैंक तथा वित्तीय संस्थाले कुनै पनि प्रकारको असुलीसम्बन्धी सूचना वा लिलामीसम्बन्धी सूचना जारी नगर्न राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । आर्थिक वर्ष २०७८/७९ भित्र वाणिज्य बैंकहरू एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेमा विभिन्न थप सुविधा र छुट २०८० असार मसान्तसम्म प्रदान गरिने व्यवस्था मिलाइएको छ । इजाजतपत्रप्राप्त संस्थाले कुनै एउटा फर्म, कम्पनी वा सङ्गठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा १० प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न पाउने व्यवस्था कायम गरिएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले भदौ २४ गते अर्को परिपत्र जारी गर्दै ट्रष्ट रिसिप्ट कर्जा, बिल्स डिस्काउन्टिङ वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम ९० दिनसम्मको अवधिका लागि मात्र प्रवाह गर्न पाइने व्यवस्था गरेको छ । साथै, कोभिड-१९ बाट प्रभावित होटेल, ट्राभल, ट्रेकिङ र हवाई सेवाजस्ता बाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायीलाई परेको कोभिडको असर मूल्याङ्कन गरी २०७९ असार मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई छुट्टै हिसाब राखी दुई वर्षसम्ममा कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिएको छ । यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने र थप हर्जाना तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनुपर्ने परिपत्रमा उल्लेख छ ।

यसै बीच, नेपाल राष्ट्र बैंकले 'घ' वर्गका इजाजतपत्रप्राप्त लघुवित्त संस्थाहरूलाई जारी गरिएको 'एकीकृत निर्देशन-२०७७' मा भदौ ९ गते संशोधन तथा परिमार्जन गरेको छ । राष्ट्रियस्तरका लघुवित्त वित्तीय संस्थाले २०७९ असार मसान्तको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस) अनुसारसमेत समानान्तर रूपमा तयार गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

संशोधित व्यवस्थाअनुसार लघुवित्त वित्तीय संस्थाहरू गाभिएर वा प्राप्ति गरेर रु.एक अर्बभन्दा बढी चुक्ता पुँजी कायम गरेमा वा रु.एक अर्बभन्दा बढी चुक्ता पुँजी भएका संस्थाले एउटा राष्ट्रियस्तर वा दुई वटा प्रदेशस्तरका संस्था गाभेमा वा प्राप्ति गरेमा काठमाडौं उपत्यकाभित्र काठमाडौं महानगरपालिका तथा ललितपुर महानगरपालिका बाहेकका स्थानमा एउटा कर्पोरेट कार्यालय र दुई वटा शाखा कार्यालय स्थापना गर्न स्वीकृति प्रदान गरिनेछ ।

लघुवित्त संस्थाले स्वीकृत कर्जामा १.५० प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछन् । एक वर्षभन्दा कम अवधिको लागि कर्जा प्रवाह गरेको अवस्थामा यस्तो कर्जाको लागि वार्षिक १.५० प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा सो दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्ने व्यवस्था मिलाइएको छ । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्था र खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाबीच एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेमा त्यस्तो लघुवित्त वित्तीय संस्थाले खुद्रा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको रूपमा कार्य गर्न सक्नेछन् ।

# एकीकृत परिपत्र-२०७६ मा संशोधन

नेपाल राष्ट्र बैंकले विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायका निम्ति जारी 'एकीकृत परिपत्र-२०७६' मा संशोधन गरेको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागले भदौ ११ गते उक्त संशोधनसम्बन्धी परिपत्र जारी गर्दै यसको कार्यान्वयनका निम्ति सम्बद्ध निकायलाई निर्देशनसमेत दिएको छ । संशोधित व्यवस्थाअनुसार प्रतीतपत्र विना ड्राफ्ट र टीटीको माध्यमबाट वस्तु आयात गरी सोको भुक्तानीका लागि एक पटकमा बढीमा अमेरिकी डलर ३५ हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा प्रदान गर्न सकिनेछ । उक्त रकमसम्मको सीमाका लागि बेनेफिसियरीको बिजनेस क्रेडिबिलिटी इन्फर्मेसन (बीसीआई) अनिवार्य हुने छैन ।

कोभिड-१९ बाट सिर्जित स्वास्थ्य समस्याको रोकथाम र न्यूनीकरणमा सहजीकरणको प्रयोजनमा भने यस्तो सीमा बढाइएको छ । जसअनुसार स्वास्थ्य सेवा विभागको सिफारिसमा कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्री तथा स्वास्थ्य उपकरणको आयात गर्दा एउटै बिजकबाट अमेरिकी डलर एक लाख र सो बराबरको परिवर्त्य विदेशी मुद्रा ड्राफ्ट/टीटीको माध्यमबाट भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका निम्ति २०७८ चैत मसान्तसम्म बीसीआई आवश्यक पर्ने छैन । अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिससहित राष्ट्र बैंकमा निवेदन दिनुपर्नेछ ।

संशोधित व्यवस्थाअनुसार वायुयान सेवा सञ्चालक संस्थालाई अमेरिकी डलर २५ हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको सेवा आयातको लागि तोकिएका कागजातका आधारमा वाणिज्य बैंकहरूबाट सटही सुविधा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ ।

कोभिड-१९ को असरलाई दृष्टिगत गरी विदेशी मुद्राको कारोबार गर्ने इजाजतपत्रप्राप्त संस्थाको नवीकरणका निम्ति एक वर्षसम्म कुनै शुल्क नलाग्ने व्यवस्था मिलाइएको छ। यो व्यवस्था लागू हुनुपूर्व नवीकरण गराइसकेका संस्थाको हकमा कुनै शुल्क नलिई एक वर्षले थप गरिने पनि जनाइएको छ ।


# भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७८ जारी

नेपाल राष्ट्र बैंकले 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७८' जारी गरेको छ । भुक्तानीसम्बन्धी कार्य गर्न यस बैंकबाट जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७७ र सोपश्चात् जारी गरिएका परिपत्रलाई समेटेर उक्त निर्देशन जारी गरिएको हो ।

संशोधित व्यवस्थाअनुसार राष्ट्रियस्तरका 'ख' र 'ग' वर्गका वित्तीय संस्थाले समेत क्रेडिट कार्ड जारी गर्न सक्ने छन् । अनुमतिपत्रप्राप्त संस्थाले स्थायी लेखा नम्बर लिएका एकल स्वामित्वमा सञ्चालित व्यवसायीको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको बचत खातामा रकमान्तर हुने गरी क्यूआर कोड उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइएको छ । तर, स्थायी लेखा नम्बर नलिएका दैनिक पाँच हजारसम्मको व्यापारिक कारोबार गर्ने प्राकृतिक व्यक्ति/खुद्रा व्यापारीको हकमा आधिकारिक परिचयपत्रको आधारमा समेत निजको नाममा मर्चेन्टको रूपमा क्यूआर कोड उपलब्ध गराउन सकिनेछ ।

अनुमतिप्राप्त संस्था (बैंक तथा वित्तीय संस्थाबाहेक) ले सेवा सञ्चालन गरेको एक वर्ष पूरा भएपछि भुक्तानी प्रणालीको परीक्षण गराई सोको प्रतिवेदन राष्ट्र बैंकमा पेश गर्नुपर्ने व्यवस्था मिलाइएको छ । साथै, साविकको प्रणाली प्रतिस्थापन वा प्रणालीको स्तरोन्नति नभएको अवस्थामा प्रत्येक दुई आर्थिक वर्षमा प्रणालीको परीक्षण गराई आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र राष्ट्र बैंकमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

प्रिपेड कार्ड प्रयोग गरी नगद झिक्न पाउने सीमा हेरफेर गरिएको छ । नयाँ व्यवस्थाअनुसार प्रिपेड कार्डबाट प्रतिदिन रु.दश हजारको दरले एक दिनमा रु.बीस हजार र प्रतिमहिना रु.दुई लाखसम्म नगद झिक्न सकिनेछ । यसै गरी, विद्युतीय वालेटको माध्यमबाट गरिने रकमान्तर तथा भुक्तानीको सीमा बढाइएको छ । जसअनुसार बैंक खाताबाट वालेटमा प्रतिकारोबार रु.५० हजार ट्रान्सफर गर्न सकिनेछ । यस्तो कारोबारको दैनिक र मासिक सीमा क्रमशः रु.एक लाख र १० लाख कायम गरिएको छ । यसअघि प्रतिदिन रु.२५ हजारका दरले मासिक सीमा रु.पाँच लाख तोकिएको थियो । वालेटमा ओभरनाइट मौज्दात राख्ने अधिकतम सीमा रु.२५ हजारबाट बढाएर रु.५० हजार कायम गरिएको छ । सो सीमाभन्दा बढी रहेको रकम अनिवार्य रूपमा ग्राहकको सम्बन्धित बैंक खातामा जम्मा हुने व्यवस्था मिलाउनुपर्ने निर्देशनमा उल्लेख छ । संस्थागत ग्राहक र एजेन्टबाहेक प्राकृतिक व्यक्तिको वालेटमा एक दिनमा बढीमा १० पटकसम्म मात्र यस्तो रकम जम्मा गर्न सकिनेछ ।


नेपाल राष्ट्र बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको

भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन - २०७८

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

भुक्तानी प्रणाली विभाग

२०७८ भदौ

राजस्व व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भएका भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटमार्फत गरिने राजस्व भुक्तानीसम्बन्धी कारोबारको सेवा शुल्क हेरफेर गरिएको छ । जसअनुसार रु.तीन हजारसम्म प्रतिकारोबार रु.पाँच सेवा शुल्क लिनसक्ने व्यवस्था गरिएको छ भने रु.३,००१ देखि १०,००० सम्मको निम्ति रु.दश र रु.दश हजारभन्दा माथिको कारोबारमा रु.बीस सेवा शुल्क तोकिएको छ ।

बैंक तथा वित्तीय संस्थाका ग्राहकले मोवाइल बैंकिङमार्फत विद्युतीय रकमान्तर गर्दा सेवा प्रदायकले अधिकतम सेवा शुल्क तोकिएको छ । सो व्यवस्था अनुसार रु.५० हजारसम्मको रकमान्तमा प्रतिकारोबार रु.१० सम्म सेवा शुल्क लाग्नेछ । रु.५०,००१ देखि रु.एक लाखसम्मको निम्ति रु.बीस र एक लाखभन्दा माथिको निम्ति रु.तीस अधिकतम सेवा शुल्क तोकिएको छ । विद्युतीय कारोबारमा लिइने सेवा शुल्कसम्बन्धी विवरण प्रत्येक ६/६ महिनामा नियमित रूपमा वा शुल्क परिवर्तन भएको समयमा संस्थाको वेबसाइटमा प्रष्ट देखिने गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणालीमा आबद्ध प्रत्यक्ष सहभागीले प्रणाली र कारोबारको सुरक्षा सम्बन्धमा जारी गरिएको सूचना प्रविधि नीति, सुचना प्रविधि मार्गदर्शन, निर्देशनका अतिरिक्त विभिन्न नीतिगत व्यवस्थाहरू कायम गरिएको छ । विद्युतीय वालेट सञ्चालन गरेका बैंक तथा वित्तीय संस्थाले वालेटसम्बन्धी कारोबारको तथ्याङ्क भुक्तानी सेवा प्रदायक संस्थालाई तोकिएको ढाँचामा समेत पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

नयाँ व्यवस्थाअनुसार नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था (बैंक तथा वित्तीय संस्था बाहेक) का सञ्चालकले संस्थाको बैंक खाता सञ्चालन गर्ने, संस्थाको तर्फबाट पत्राचार गर्ने लगायत संस्थाको दैनिक कामकारबाहीमा हस्तक्षेप गर्न र संलग्न हुन पाउने छैनन् । कुनै सेवाग्राहीले आफ्नो खाता/वालेट बन्द गर्न अनुरोध गरेमा सम्बन्धित सेवाग्राहीबाट निवेदन लिई उक्त खाता पुनः सुचारु गर्न नसकिने गरी बन्द गर्ने व्यवस्था गर्नुपर्ने पछिल्लो निर्देशनमा उल्लेख छ । तर सेवाग्राही तथा उक्त खाता/वालेटमार्फत भएको कारोबारको अभिलेख तोकिएबमोजिम सुरक्षित राख्नुपर्ने व्यवस्था गरिएको छ ।

अनुमतिप्राप्त संस्थाले जोखिम व्यवस्थापन गर्दा प्रिन्सिपल फर फाइनान्सियल मार्केट इन्फ्रास्ट्रक्चर (पीएफएमआई) को सिद्धान्तलाई मार्गदर्शनको रूपमा लिनुपर्ने एकीकृत निर्देशनमा उल्लेख छ । भुक्तानी सेवा प्रदायक संस्थाले २०७८ असार मसान्तसम्म गर्नुपर्ने न्यूनतम कारोबार संख्या र पुऱ्याउनुपर्ने

ग्राहक संख्या कोभिड-१९ संक्रमणलाई दृष्टिगत गरी २०७९ असार मसान्तसम्ममा पुऱ्याउनुपर्ने गरी समय थप गरिएको छ।

अनुमतिपत्रप्राप्त संस्थाले सहकारी संस्थाका ग्राहक सदस्यलाई सरकारी राजस्व भुक्तानी र युटिलिटी पेमेन्ट प्रयोजनका निम्ति सम्बन्धित सहकारी संस्थालाई मर्चेन्टको रूपमा आफ्नो प्रणालीमा आबद्ध गर्न सक्ने व्यवस्था मिलाइएको छ। 'घ' वर्गको लघुवित्त वित्तीय संस्था आफैँले विद्युतीय भुक्तानी सेवा सञ्चालन गर्न तोकिएबमोजिम कागजात पेश गरी यस बैंकबाट अनुमति लिनुपर्नेछ। तर, यस बैंकलाई जानकारी गराई अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक/भुक्तानी प्रणाली सञ्चालक संस्थासँग आबद्ध भई विद्युतीय भुक्तानीसम्बन्धी कार्य गर्न उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन। 'ख' र 'ग' वर्गका वित्तीय संस्था तथा निक्षेप सङ्कलन गर्ने राष्ट्रियस्तरका 'घ' वर्गका वित्तीय संस्थाले आफ्ना ग्राहकलाई विद्युतीय भुक्तानीको माध्यमको रूपमा कम्तीमा मोबाइल बैंकिङ सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था राखिएको छ। सोका लागि २०७९ असार मसान्तसम्ममा भुक्तानी सेवा प्रदायकको अनुमतिको लागि आवेदन दिनुपर्नेछ।

डेबिट कार्ड, क्रेडिट कार्ड, क्यूआर कोड, स्क्यान-टु-पेलगायत अन्य विद्युतीय माध्यमबाट भुक्तानी गरी वस्तु तथा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशतले हुने रकम उपभोक्ताले तत्कालै फिर्ता पाउने व्यवस्थाको लागि आफ्नो प्रणालीमा सुधार गरी उल्लेखित व्यवस्था कार्यान्वयन गर्नुपर्ने एकीकृत निर्देशनमा जनाइएको छ।

# बैंक र त्रिभुवन विश्वविद्यालयबीच शोधवृत्तिसम्बन्धी समझदारी



नेपाल राष्ट्र बैंक र त्रिभुवन विश्वविद्यालयबीच प्राज्ञिक शोध तथा अनुसन्धान कार्यमा सहकार्य गर्ने समझदारी भएको छ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा २०७८ भदौ १ गते बैंकमा आयोजित कार्यक्रमबीच उक्त समझदारी भएको हो। समझदारीपत्रमा बैंकका तर्फबाट जनशक्ति व्यवस्थापन विभागका का.मु.कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरे तथा त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारी र व्यवस्थापन केन्द्रीय विभागका प्रमुख प्रा.डा. रामजी गौतमले हस्ताक्षर गर्नुभयो।

उक्त समझदारीअनुसार अर्थशास्त्र र व्यवस्थापन केन्द्रीय विभागमा स्नातकोत्तर तहका पाँच-पाँच जना, एफफिल र विद्यावारिधितर्फका दुई-दुई जना विद्यार्थीलाई शोधपत्र तयार गर्ने प्रयोजनका निम्ति बैंकले वार्षिक रूपमा शोधवृत्ति (फेलोसिप) उपलब्ध गराउनेछ। साथै, बैंकमा उपलब्ध हुने इन्टर्नसिपको अवसरमा विश्वविद्यालयको स्नातकोत्तर तहका विद्यार्थीलाई प्राथमिकता दिइने समझदारीसमेत भएको छ।

सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले बैंक र विश्वविद्यालयबीचको समझदारी आफैँमा सकारात्मक सुरुआत रहेको उल्लेख गर्दै यो सहकार्यले प्राज्ञिक शोध/अनुसन्धानमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास व्यक्त गर्नुभयो। आउँदा दिनमा यस्तो सहकार्यलाई विस्तार गर्दै जानुपर्ने आवश्यकतामा समेत उहाँले जोड दिनुभयो।

कार्यक्रममा का.मु.कार्यकारी निर्देशक घिमिरेले उक्त समझदारीले शोध/अनुसन्धान कार्यमा सहकार्य हुने, ज्ञान आदानप्रदानमा टेवा पुग्ने तथा अनुसन्धानबाट महत्वपूर्ण नीतिगत स्रोत सामग्री उपलब्ध हुने विश्वास व्यक्त गर्नुभयो। साथै, बैंकले अन्य विश्वविद्यालयसँग पनि यस्तो सहकार्य गर्ने बैंकको नीति रहेको जानकारी उहाँले दिनुभयो।

कार्यक्रममा अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा.अधिकारीले उक्त समझदारीसँगै विश्वविद्यालयको अनुसन्धान कार्यको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। यसै गरी, व्यवस्थापन केन्द्रीय विभागका प्रमुख प्रा.डा. गौतमले बैंक र विश्वविद्यालयबीचको समझदारीलाई परिणाममुखी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा.नीलम ढुङ्गाना तिम्सिना र बम बहादुर मिश्र, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केलगायत बैंकका अन्य अधिकारीहरूको उपस्थिति रहेको थियो।

# गभर्नर अधिकारी र राजदूत बेरीबीच शिष्टाचार भेट



गभर्नर महाप्रसाद अधिकारी र नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत र्‍यान्डी बेरीबीच शिष्टाचार भेट सम्पन्न भएको छ ।

२०७८ भदौ ३० गते गभर्नरको कार्यालयमा भएको भेटमा उहाँहरूबीच नेपालको आर्थिक तथा वित्तीय स्थिति, वाणिज्य क्षेत्र र पारस्परिक हितका विषयमा छलफल भएको थियो ।

भेटमा गभर्नर अधिकारीले नेपालको आर्थिक तथा वित्तीय स्थितिबारे जानकारी गराउनुभयो । साथै, कोभिड-१९ को संक्रमण दरको घट्ने क्रमसँगै आर्थिक गतिविधि विस्तार भएको धारणा उहाँले राख्नुभयो । साथै, गभर्नर अधिकारीले नेपालमा रेमिटचान्स आप्रवाहको आँकडा प्रस्तुत गर्दै नेपालको अर्थतन्त्रमा रेमिटचान्सको महत्वबारे प्रकाश पार्नुभयो ।

सो अवसरमा राजदूत बेरीले नेपालको अर्थतन्त्रमा कोभिड-१९ ले पारेको असरबारे चासो राख्दै कोभिडको असर न्यूनीकरणका निम्ति अवलम्बन गरिएका नीतिगत व्यवस्थाबारे जिज्ञासा राख्नुभएको थियो ।

भेटका अवसरमा बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको उपस्थिति थियो ।

यसै गरी, अमेरिकी दुतावासको तर्फबाट राजनीतिक तथा आर्थिक महाशाखा प्रमुख मार्क टेम्प्लर र अर्थ-वाणिज्य विज्ञ अभिषेक बस्न्यातको उपस्थिति रहेको थियो ।

# अध्यक्ष अर्यालद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण


नेपाल बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष सुमनराज अर्यालले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७७ भदौ १० गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष शर्मालाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

नेपाल बैंक लिमिटेड सञ्चालक समितिको सोही दिन बसेको बैठकले अर्याललाई अध्यक्ष चयन गरेको थियो । महालेखा नियन्त्रकसमेत रहनुभएका अर्याललाई यसअघि अर्थ मन्त्रालयले सञ्चालक समितिको सदस्य नियुक्त गरेको थियो । उहाँको कार्यकाल चार वर्षको हुनेछ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ ।



बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना



गभर्नरको कार्यालयले भदौ १७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको समुपस्थितिमा सो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरिएको हो ।

भर्चुअल माध्यमद्वारा आयोजित कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्रा कोषको नेपाल, भारत र भुटान हेर्ने वरिष्ठ आवासीय प्रतिनिधि लुइस ई. ब्रुअरले 'The Evolving Impact of COVID-19' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले सन् २०२१ मा विश्व अर्थतन्त्र ६.०, विकसित मुलुकको अर्थतन्त्र ५.६ र उदयीमान तथा विकासोन्मुख मुलुकको अर्थतन्त्र ६.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण कोषले गरेको जानकारी दिनुभयो ।

सन् २०२२ को अन्त्यसम्ममा अधिकांश मुलुकमा कोभिडविरुद्धको खोपको पहुँच विस्तार भइसक्ने र कोभिड संक्रमणको दर न्यून हुने अनुमानका आधारमा कोषले यस्तो प्रक्षेपण गरेको ब्रुअरको भनाइ थियो । कोभिडले अर्थतन्त्रमा पारेको असरलाई न्यूनीकरण गर्नका निम्ति विभिन्न केन्द्रीय बैंकले अवलम्बन गरेका नीतिगत अभ्यासले कम्तीमा सन् २०२२ सम्म निरन्तरता पाउने भएकाले त्यसबाट अर्थतन्त्रमा टेवा पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा वरिष्ठ आवासीय प्रतिनिधि ब्रुअरले कोभिड संक्रमणयता विश्व अर्थतन्त्रमा परेको असरका विभिन्न आँकडा प्रस्तुत गर्दै त्यसलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो । सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ७३ जना कर्मचारीको सहभागिता थियो । गभर्नरको कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा आर्थिक गतिविधिसम्बन्धी अन्तरक्रिया सम्पन्न




पोखरा कार्यालयले भदौ २३ गते पोखरामा आर्थिक गतिविधिसम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा पोखरा पर्यटन परिषद्, पोखरा उद्योग वाणिज्य संघ, मुद्रा सटही व्यवसायी सङ्गठन, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ४८ जनाको सहभागिता थियो ।

कार्यक्रममा पोखरा कार्यालयका उप-निर्देशक ढुण्डीराज मिश्रले मौद्रिक नीतिमा भएका कोभिड-१९ सँग सम्बन्धित विषय र गण्डकी प्रदेशका प्रमुख वित्तीय परिसूचकबारे चर्चा गर्नुभयो ।

सो अवसरमा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराई, मुद्रा सटही व्यवसायी सङ्गठनका अध्यक्ष रूपकराज मिश्र, ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण जोशी, पोखरा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङ, बैंकर्स संघ गण्डकी प्रदेश समितिका सचिव समिर केसीलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा पोखरा कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईले समग्र आर्थिक परिसूचकको विश्लेषण गर्दै सहभागीले उठाएका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका प्रधान सहायक जितेन्द्रराज शाक्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगर र जनकपुरमा ज्ञान आदानप्रदान कार्यक्रम




सिद्धार्थनगर कार्यालयले २०७८ भदौ १ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा प्रधान सहायक कृष्णप्रसाद भट्टराईले 'सिद्धार्थनगर कार्यालयमा इन्टरब्याङ्क पेमेन्ट सिस्टम (आईपीएस)' मार्फत भइरहेको भुक्तानी अभ्यास' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले सिद्धार्थनगर कार्यालयमा सबै किसिमका आन्तरिक एवम् बाह्य भुक्तानी कारोबार आईपीएसबाट हुने गरेको र यसको परिणामस्वरूप नगद भुक्तानी फाँट विस्थापित भएको जानकारी दिनुभयो ।

कार्यक्रममा बिल्स फाँटका सहायक निर्देशक सुशील खनाल र सहायक सुस्मित पौडेलले आईपीएस कारोबारका सम्बन्धमा प्रयोगात्मक प्रस्तुति दिनुभएको थियो । सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले राष्ट्र बैंकबाट जारी भुक्तानी कारोबारसम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका कारण सिद्धार्थनगर कार्यालयमा नगदरहित कारोबार स्थापित भएको जानकारी दिनुभयो । ज्ञान आदानप्रदान कार्यक्रममा कार्यालयका कर्मचारीको सहभागिता थियो ।



यसै गरी, जनकपुर कार्यालयले २०७८ भदौ ११ गते ज्ञान आदान प्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका उप-निर्देशक अशोककुमार राईले 'नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा उप-निर्देशक राईले नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ मा भएका नीतिगत व्यवस्था र प्रचलित अभ्यासबारे जानकारी दिनुभयो । साथै उहाँले कार्यालयबाट भएका नौ वटा मनिचेञ्जरहरूको निरीक्षणका क्रममा पाइएका कैफियतका बारेमा समेत चर्चा गर्नुभएको थियो । कार्यक्रममा जनकपुर कार्यालयका कर्मचारीको सहभागिता थियो । कार्यालयका सहायक मनोहर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा समसामयिक विषयमा अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले भदौ २ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका लुम्बिनी प्रदेश प्रमुख र शाखा प्रमुखहरूको उपस्थिति थियो । सो अवसरमा कार्यालयका निर्देशक सुदीप फुयालले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिका मुख्य व्यवस्था र यसको कार्यान्वयनमा बैंक तथा वित्तीय संस्थाले ध्यान दिनुपर्ने विषयमा वार्ता प्रस्तुत गर्नुभयो । निर्देशक फुयालले विद्युतीय भुक्तानीको प्रवर्द्धनका लागि सरोकारवालाबीच समन्वय हुनुपर्ने आवश्यकताबारे चर्चा गर्दै कर्जा-निक्षेप अनुपात, सेयर धितो कर्जा, आर्थिक पुनरुत्थान लक्षित विशेष कार्यक्रम, कर्जा पुनर्संरचना, पनुरतालिकीकरण, सबल सुरक्षित



विद्युतीय भुक्तानी प्रणालीको विकासलगायतका विषयमा धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले मौद्रिक नीतिका नयाँ व्यवस्थाका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो । सिद्धार्थनगर कार्यालयका प्रधान सहायक सुवासचन्द्र चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बैंकर्श प्रशिक्षण केन्द्रद्वारा तीन वटा तालिम सम्पन्न

बैकर्स प्रशिक्षण केन्द्रले २०७८ भदौ महिनामा तीन वटा तालिम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले भदौ ८ देखि ११ गतेसम्म 'AML/CFT Regimes of Nepal' विषयक तालिम सञ्चालन गऱ्यो । ११ वटा सत्रमा सञ्चालित तालिममा ५० जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले भदौ ११ देखि १८ गतेसम्म 'Research Methodology and Report Writing' विषयक तालिम सञ्चालन गऱ्यो । १७ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ५० जना कर्मचारीको सहभागिता थियो । उक्त तालिममा बैंकका आन्तरिक र बाह्य गरी ११ जना प्रशिक्षकमार्फत प्रशिक्षण दिइएको थियो । दुबै तालिम भर्चुअल माध्यममार्फत आयोजना गरिएको थियो ।



केन्द्रले भदौ २७ देखि २९ गतेसम्म 'Planning, Budgeting, Risk Management and Business Continuity Plan/Three Lines of Defence' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । आठ वटा सत्रमा सञ्चालित उक्त तालिममा ३० जना कर्मचारीको सहभागिता थियो ।

बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले तीन वटै तालिम कार्यक्रममा स्वागत मन्तव्य राख्दै तालिमको औचित्य र महत्वबारे प्रकाश पार्नुभएको थियो् । केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तालिम कार्यक्रमको संयोजन तथा सहायक निर्देशकद्वय सुरेन्द्र केसी र अभिषेक खनालले तालिम कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्तीय क्षेत्र समन्वयसम्बन्धी संयन्त्रको बैठक सम्पन्न



जनकपुर कार्यालयले वित्तीय क्षेत्र समन्वयसम्बन्धी संयन्त्रको पहिलो बैठक भदौ २५ गते सम्पन्न गऱ्यो । कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठको संयोजकत्वमा सञ्चालित बैठकमा संयन्त्रका सदस्य-सचिव तथा जनकपुर कार्यालयका उप-निर्देशक अशोककुमार राईले बैठकमा पेश भएका एजेन्डाहरूको संक्षिप्त प्रस्तुति दिनुभयो ।

सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार प्रदेश नं.-२ मा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेका सहुलियतपूर्ण कर्जाको अवस्थाबारे छलफल गरी सो कर्जाको प्रभावकारिताको सन्दर्भमा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिबाट राय, सुझाव तथा गुनासोहरू सङ्कलन गरिएको थियो । कार्यक्रममा कृषि विकास बैंकका प्रदेश प्रमुख, रामसागर रामस्वरूप बहुमुखी क्याम्पसका प्राध्यापक, उद्योग वाणिज्य संघ, धनुषाका अध्यक्ष, राष्ट्रिय वाणिज्य बैंक, जनकपुरका शाखा प्रबन्धक, प्रधानमन्त्री रोजगार कार्यक्रम, जनकपुर र कृषि ज्ञान केन्द्र, धनुषाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा सहुलियतपूर्ण कर्जाको सम्बन्धमा देखिएका समस्याको समाधानका निम्ति सरोकारवाला निकायबीच प्रभावकारी समन्वय हुनुपर्नेमा आवश्यकता औंल्याएको थियो ।

सो अवसरमा कार्यालयका निर्देशक श्रेष्ठले प्रचारप्रसारको अभाव, धितोको समस्या, प्रक्रियागत झन्झट, भुक्तानी अवधिको अव्यावहारिक पक्षलगायतका समस्याको समाधानका लागि सबै सरोकारवाला निकायको भुमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । जनकपुर कार्यालयका प्रधान सहायक गोपालबहादुर बुढाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## अवकाश

मुद्रा व्यवस्थापन विभागका उप-सहायक टीकाराम महरा र जनशक्ति व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) करुणाकर भट्टले भदौ १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँहरूले ३० वर्ष सेवा अवधिका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार